मेन्छयायेम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मोराहाङ्ग, तेह्रथुम

कोशी प्रदेश,नेपाल

सिलबन्दी दरभाउ–पत्र आव्हान सम्वन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति :२०८०।०४।१९गते)

यस मेन्छयायेम गाउँ कार्यालयबाट आ.व. २०८०।२०८१ मा निर्माण कार्य, सामान खरिद कार्य आदि लगायतका विभिन्न प्रकृतिका विज्ञापन/सूचना आवश्यक भएको मितिमा राष्ट्रियस्तरका 'क' वर्गका दैनिक पत्रिकाहरुमा प्रकाशित गर्नुपर्ने कार्यका लागि कार्य गर्न नियमानुसार इजाजत प्राप्त इच्छुक विज्ञापन एजेन्सी/फर्म/कम्पनीहरुले निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउ–पत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

शर्तहरु :

१. तपशिलमा उल्लेखित रकम (फिर्ता नहुने गरी) यस कार्यालयको कुमारी बैंक लिमिटेड, मेन्छयायेम शाखा,Office Code no. : Ga-1-1 Antarik Rajaswa Khata Office Account no.: 2720247118900005 बुझाई सोको रसिद संलग्न राखी अधावधिक नवीकरण भएको इजाजतपत्र, प्यान नम्बर दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र मेन्छयायेम गाउँपालिका , तेह्रथुमबाट कार्यालय समय भित्र दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२. यस कार्यालयबाट खरिद गरेका सिलबन्दी दरभाउपत्र फारम नियमानुसार भरी खाममा सिलबन्दी गरी खामको कामको विवरण, ठे.नं., दरभाउपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्वोधन गरी बिक्री गर्ने अन्तिम दिनको भोलीपल्ट दिनको १२ः०० बजे सम्म यस मेन्छयायेम गाउँपालिकाको कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ । दर्ता भएका सिलबन्दी दरभाउपत्र सोही दिनको २:०० बजे दरभाउपत्रदाताको स्वयम् वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन ।

३. तपशिलमा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको कुमारी बैंक मेन्छयायेम शाखा तेह्रथुमको ग-३ धरौटी खाता (Ga-3 Dharauti khata), खाता नंवर २७२०२४७११८९०००१८ (Office Account no: 2720247118900018) मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा.बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको ९० दिन म्याद भएको बिडबन्ड दरभाउपत्र साथ संलग्न गर्नुपर्नेछ ।

४. दरभाउपत्र प्रष्टसँग भरिएको, दरभाउपत्र फारम लगायत यस कार्यालयबाट उपलब्ध गराइएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्नेछ । दररेट सच्याउनु परेमा दस्तखत भएको हुनुपर्नेछ । समयभित्र प्राप्त नभएको, रीत नपुगेको, सूचनाको शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुनेछैन ।

५. नेपाल सरकार लगायत सम्वन्धित निकायमा नियमानुसार तिर्न बुझाउनु पर्ने सबै प्रकारका करहरु दरभाउपत्रमा उल्लेख गरिएको दररेटमा भ्याट बाहेक समावेश गरिएको मानिनेछ ।

६. दरभाउपत्रदाताले कामको सम्वन्धमा राम्ररी बुझी दरभाउपत्र भरेको मानिनेछ ।

७. दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सोको भोलीपल्ट दर्ता गर्न सकिनेछ ।

८. दरभाउपत्र डकुमेन्टमा त्रुटी भएमा वा विषय प्रसंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै बेला सच्याउन बाधा पर्नेछैन ।

९. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०.दरभाउपत्र फारममा नियमानुसार लाग्ने भ्याट बाहेकको दररेट अंक र अक्षरमा उल्लेख गनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

११. तपशिलमा उल्लेख भएका 'क' वर्गका राष्ट्रिय स्तरका दैनिक पत्रिकाहरु मध्येबाट कुनै एकमा सूचना प्रकाशन गर्नुपर्नेछ : (क) कान्तिपुर राष्ट्रिय दैनिक (ख) नागरिक राष्ट्रिय दैनिक (ग) अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक (घ) नेपाल समाचार पत्र राष्ट्रिय दैनिक (ङ) गोरखापत्र राष्ट्रिय दैनिक (च) राजधानी राष्ट्रिय दैनिक (छ) नयाँ पत्रिका राष्ट्रिय दैनिक (ज) हिमालय टाइम्स राष्ट्रिय दैनिक (झ) गाउँपालिकाले तोकेको अन्य कुनै 'क' वर्गको राष्ट्रिय दैनिक ।

१२.यस सूचनामा उल्लेख नभएका शर्तहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम हुनेछ ।

तपशि ल

| सिलबन्दी दरभाउ–पत्र नम्बर | कार्य विवरण | कार्य इकाई | दरभाउ–पत्र जमानत रकम रु. | दरभाउ–पत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|
| 01/080-081।MRM/service | विभिन्न प्रकृतिका विज्ञापन÷सूचना आवश्यक भएको मितिमा राष्ट्रिय स्तरका दैनिक पत्रिकाहरुमा प्रकाशन गर्ने कार्य | per cc (भित्रि पानामा) | ३५०००।- | १,०००।०० |

नवदीप राई
प्रमुख प्रशासकीय अधिकृत